मिति २०७८।०२।०१ गतेका दिन मानेभञ्ज्याङ्ग गाउंपालिकाका अध्यक्ष मोतिराज राई ज्यूको अध्यक्षतामा आकस्मिक बैठक बसी तपसिल बमोजिमको उपस्थितीमा देहाय अनुसार निर्णय गरियो :

तपसिल:

| सि.नं. | नाम थर | पद | कार्यालय, संघ संस्था | दस्तखत |
|---|---|---|---|---|
| १. | मोतीराज राई | अध्यक्ष | मानेभञ्ज्याङ्ग गाउँपालिका | |
| २. | सबिता राई | उपाध्यक्ष | मानेभञ्ज्याङ्ग गाउँपालिका | |
| ३. | राम कुमार राई | वडा अध्यक्ष | मानेभञ्ज्याङ्ग गाउँपालिका | |
| ४. | नानी बाबु सिंदाली मगर | वडा अध्यक्ष | मानेभञ्ज्याङ्ग गाउँपालिका | |
| ५. | भिम बहादुर बलम्पाखी मगर | वडा अध्यक्ष | मानेभञ्ज्याङ्ग गाउँपालिका | |
| ६. | रमेश कुमार शाह | प्रमुख प्रशाकिय अधिकृत | मानेभञ्ज्याङ्ग गाउँपालिका | |
| ७. | राम चन्द्र न्यौपाने | सुचना प्रविधि अधिकृत | मानेभञ्ज्याङ्ग गाउँपालिका | |
| ८. | विश्वराज दाहाल | स्वास्थ्य शाखा प्रमुख | मानेभञ्ज्याङ्ग गाउँपालिका | |
| ९. | ज्ञानेन्द्र कुमार बल | शाखा प्रमुख | राष्ट्रिय बाणिज्य बैंक | |
| १०. | युवराज ~~दाहाल~~ धमला | | प्राइम बैक | |
| ११. | तुलसी खतिवडा | | मुक्तिनाथ विकास बैंक | |
| १२. | पदम बहादुर खडका | प्रहरी इन्चार्ज | मानेभञ्ज्याङ्ग प्रहरी चौकी | |
| १३. | उमेश राई | स्वास्थ्यकर्मी | | |
| १४. | उमेश राई | स्वास्थ्यकर्मी | | |
| १५. | तेजनारायण चौधरी | MLBSL | Manebhanjyang. | |
| १६. | जीवन राई | स्वास्थ्यकर्मी | | |
| १७. | | | | |
| १८. | | | | |

निर्णयहरु :-

१. विश्वमहामारी रुपमा फैलिएको काभिड १९ को संक्रमण यस गाउँपालिका भित्र व्यापक रुपमा फैलिएको हुदाँ आज मिति २०७८/०२/०१ गते देखी मिति २०७८/०२/१० गतेसम्मको लागि यस गाउँपालिका भित्रका लागि तपसिल बमोजिमको निर्णयहरु जारी गर्ने निर्णय गरियो ।

**तपसिल :**

क. यस गाउँपालिका कार्यालयमा अति आवश्यक अवस्थामा बाहेक सम्पुर्ण सेवाहरु पुर्ण रुपमा बन्द गर्ने निर्णय गरियो ।

ख. यस गाउँपालिका भित्रका सम्पुर्ण पसलहरु (खाद्यान्न पसल, किराना पसल, कृषि जन्य बस्तुहरु) विहान ७ देखि १० बजे सम्म र बेलुका ५ बजे देखि ७ बजे सम्म मात्र खोल्ने साथै पसलहरुमा किनबेचको कार्य गर्दा सामाजिक दुरी लगायतको स्वास्थ्य सम्बन्धी सम्पुर्ण मापदण्डहरु पालना गर्ने निर्णय गरियो ।

ग. गाउँपालिका भित्र लाग्ने हाट बजार, मेला लगायत बजार क्षेत्रमा अनावश्यक हिडडुल नगर्ने साथै कुनै पनि सामुहिक कार्यक्रमहरु अर्को निर्णय नहुदा सम्मको लागि बन्द गर्ने निर्णय गरियो ।

घ. यस गाउँपालिका भित्र संचालनमा आएका बैंक तथा वित्तिय संस्थाहरु अति आवश्यक अवस्थामा बाहेक सम्पुर्ण सेवाहरु पुर्णरुपमा बन्द गर्ने निर्णय गरियो।

ङ. यस गाउँपालिकामा विभिन्न सहरहरुबाट आउनु हुने व्यक्तिहरुले सम्बन्धित वडा अध्यक्ष वा सम्बन्धित वडा समितिहरुसँग समन्वय गरी होम आइसोलेसनमा बस्ने व्यवस्था भएपछि मात्र प्रवेशको लागि अनुमति दिइने छ साथै निजहरुको बारेमा सम्बन्धित वडा समितिलाई जानकारी गराउने निर्णय गरियो।

च. हाल यस गाउँपालिका भित्र संचालन भैरहेको निर्माण कार्यहरु साविकको कामदारहरुलाई मात्र प्रयोग गरि निरन्तरता दिन सक्ने छ साथै उक्त कार्य संचालन गर्दा सामाजिक दुरी लगायतको स्वास्थ्य सम्बन्धी सम्पुर्ण मापदण्डहरु पालना गरी निरन्तरता दिने निर्णय गरियो।

छ. यस गाउँपालिका भित्र संचालनमा आइरहेको स्वास्थ संस्थाहरु, औषधी पसल र क्लिनिकहरु सामाजिक दुरी लगायतको स्वास्थ्य सम्बन्धी सम्पुर्ण मापदण्डहरु पालना गरी निरन्तर रुपमा सेवा प्रदान गर्न सक्नेछन साथै कोभिडसँग सम्बन्धित समस्या आएमा यस गाउँपालिकाको स्वास्थय शाखा संयोजक श्री विश्वराज दाहाल (९८४२९९१३६०) र सह संयोजक श्री दुखी राउत (९७४३०४५३५४) लाई सम्पर्क गर्ने निर्णय गरियो ।